# नेपालको यात्रा: आकाशे-आश्वासन त्यागेर राष्ट्र निर्माणतर्फ

## विकासको मार्गमा अघि बढाउने घोषणापत्रको खाका

## कार्यपत्र


## रामचन्द्र आचार्य





६ फाल्गुन २०८२

NDRI

नेपाल विकास अनुसन्धान प्रतिष्ठान

Nepal Development Research Institute

## लेखकको बारेमा

राम आचार्यसँग क्यानडाको संघीय सरकारमा आर्थिक अनुसन्धानको क्षेत्रमा २५ वर्षभन्दा बढी अनुभव छ। उनले नवप्रवर्तन, उत्पादकत्व तथा दीर्घकालीन आर्थिक वृद्धि प्रवर्द्धन गर्ने नीतिहरूमा काम गरेका छन्। उनको अनुसन्धानले आर्थिक वृद्धि, अन्तर्राष्ट्रिय व्यापार, आर्थिक एकीकरण, अनुसन्धान तथा विकास (आर एन्ड डी), नवप्रवर्तन, उत्पादकत्व र प्रविधि प्रसारका विषयहरू समेटेको छ। उनका अनुसन्धानहरू सहकर्मी-समीक्षित अन्तर्राष्ट्रिय जर्नलहरू, सम्पादित अनुसन्धान खण्डहरू, क्यानडा सरकारका आधिकारिक प्रकाशनहरू, तथा संयुक्त राज्य अमेरिकाको अग्रणी शैक्षिक अनुसन्धान संस्था नेशनल ब्युरो अफ इकोनोमिक रिसर्च (NBER) मा प्रकाशित भएका छन्।

हाल, उनी नेपाल र क्यानडालाई असर गर्ने आर्थिक मुद्दाहरूमा स्वतन्त्र अनुसन्धान गर्दै आएका छन्। उनी रिपब्लिकामा नियमित रूपमा ओप-एड लेखहरू योगदान गर्छन्। उनका लेखहरू द काठमाडौं पोस्ट, सेतोपाटी तथा क्यानडाको अग्रणी राष्ट्रिय पत्रिका नेशनल पोस्टमा पनि प्रकाशित भएका छन्।

राम आचार्यले अटावा विश्वविद्यालयबाट अर्थशास्त्रमा विद्यावारिधि (PhD) गरेका छन्।

आचार्यलाई acharya.ramc@gmail.com मा सम्पर्क गर्न सकिन्छ।

यो यसै विषयक अंग्रेजी कार्यपत्रको संक्षिप्त संस्करण हो।

**अस्वीकरण:** यस कार्यपत्रमा व्यक्त विचारहरू लेखकका मात्र हुन्।

# नेपालको यात्रा: आकाशे-आश्वासन त्यागेर राष्ट्र निर्माणतर्फ

विकासको मार्गमा अघि बढाउने घोषणापत्रको खाका

**रामचन्द्र आचार्य**

## विषय प्रवेश

जब म वर्षौंदेखि अन्य एसियाली मुलुकहरूको अभूतपूर्व प्रगति र नेपालको चौतर्फी संघर्षका बारे पढ्छु, मलाई गहिरो रिक्तता महसुस हुन्छ। पहाडका दुर्गम भेगदेखि अन्नको भण्डार मानिने तराईसम्म मानिसहरू चरम गरिबीमा बाँचेको देख्दा हाम्रो प्रणालीको जगमै ठूलो त्रुटि भए जस्तो लाग्छ। सरकारी विद्यालयमा आधा खाली कक्षाहरू र निजी विद्यालयमा भीड भरिएको देख्दा शिक्षा प्रणालीले नागरिकलाई उठाउने होइन, वर्गमा विभाजन गरेको प्रष्ट हुन्छ। सरकारी अस्पतालबाहिर बिरामीहरू लामो लाइनमा उभिएका र काठमाडौं तथा भरतपुरका सडकहरुमा लामबद्ध निजी अस्पतालहरु देख्दा, स्वास्थ्य सेवा अधिकार होइन, विशेषाधिकार बनेको स्पष्ट हुन्छ। सामान्य सरकारी सेवा लिन पनि घुस दिनुपर्ने बाध्यताले समाज भ्रष्टाचारले आक्रान्त भएको प्रमाणित गर्छ।

दैनिक हजारौँ नेपाली युवाहरू चाडबाडकै बेला आँसु पुछ्दै वैदेशिक रोजगारीतर्फ लाग्ने दृश्यले असह्य पीडा दिन्छ। पुस्तौँदेखि गरिबीमा फसेका परिवारहरू, सुरक्षित भोजन, शिक्षा वा स्वास्थ्य वा अगाडि बढ्ने कुनै विकल्प बिना बाँचिरहेका देख्दा, मलाई केवल दुःख मात्र होइन, एउटा गम्भीर जिम्मेवारीको महसुस हुन्छ। रित्तिएका गाउँबस्ती, बाँझो खेतमा बाँदरको रजाइँ र कृषिप्रधान देशले लगातार बढ्दो खाद्यान्न आयात गरेको देख्दा, एउटा अपरिहार्य निष्कर्ष निष्कन्छ: यो देशमा केही कुरा गम्भीर रूपमा बिग्रेको छ।

जब सरकारी सेवा, खेतीपाती, शिक्षा, स्वास्थ्य र रोजगारी सबै क्षेत्रमा एकसाथ संकट देखिन्छ, त्यो एउटा समस्या मात्र होइन, त्यो प्रणालीगत असफलता हो।। जब यो दयनीय अवस्था पुस्तौँसम्म निरन्तर रहन्छ, देशको एउटा दीर्घकालीन रोग बन्छ र कालान्तरमा यो आर्थिक मात्र नभई सभ्यतागत जोखिम मा परिणत हुन्छ।

यो भयावह अवस्था देखेपछि म केवल पीडाले मात्र होइन, एउटा जिम्मेवारीबोधका साथ समेत यो लेख लेखिरहेको छु। उच्च शिक्षाको खोजीमा म धेरै पहिले भौगोलिकरुपमा नेपालबाट बाहिरिए तापनि आत्मिक रूपमा म कहिल्यै टाढा भइन। म कुनै राजनीतिज्ञ वा दलको प्रतिनिधिको रूपमा होइन, बरु यही देशले आकार दिएको एक साधारण व्यक्तिको रूपमा लेखिरहेको छु। मेरो आग्रह के छ भने नेपालमा व्याप्त बहुआयामिक असफलताहरु कसरी तोड्न सकिन्छ भन्ने विचार गर्नुअघि यो प्रणाली निर्माण नगरीकन कसरी घिसिपिटी बाँचिरहन सिक्यो, त्यसको व्याख्या गर्नुपर्छ। यी दुबै आयामहरु यो

आलेखका उद्देश्य हुन्। यसको केन्द्रीय तर्क के छ भने नेपाल स्रोतको अभावका कारण पछि परेको होइन; सम्भावनालाई प्रगतिमा रूपान्तरण गर्ने संयन्त्र निर्माण गर्न नसक्दा पछि परेको हो।

यो कुनै विस्तृत घोषणापत्र होइन, बरु आगामी पुस्ताको भविष्य सुनिश्चित गर्ने घोषणापत्रको एउटा खाका हो। यसले मतदातालाई आश्वासनको जालोमा अल्झाइराख्ने राजनीतिक संयन्त्रको विश्लेषण गर्छ; नेपाल अहिले कहाँ छ र यहाँसम्म कसरी आइपुग्यो भन्ने विश्लेषण गर्छ; देशले लामो समयदेखि टार्दै आएको राष्ट्र निर्माणको अपरिहार्य बाटोको पहिचान गर्छ, र राजनीतिक दलहरूलाई उनीहरूले के बाचा गर्छन् भन्ने होइन बरु उनीहरू के निर्माण गर्न र के संयम अपनाउन तयार छन् भन्ने प्रश्न सोध्छ। अन्ततः, यो लेखले मतदाताले के माग गर्नुपर्छ भन्ने तर्फ पनि ध्यान केन्द्रित गर्छ।

## १. आकाशे आश्वासनको युग

दशकौँदेखि हरेक निर्वाचनसँगै राजनीतिक दलहरूले जनताका पीडा समाधान गर्ने आश्वासन बाँड्दै आएका छन्, तर परिणाम प्रायः न्यून रहेको छ। निर्वाचित भएपछि प्रतिबद्धताहरू बिस्तारै हराउँछन्। राजतन्त्र, बहुदलीय लोकतन्त्र र गणतन्त्र – सबै व्यवस्थामा नेपालीले समृद्धिका सपना सुने, तर अन्ततः हरेकले निराशा नै दिए। गणतन्त्र आएपछिका चुनावी घोषणापत्रहरू त झनै 'किनमेल सूची' जस्ता देखिन्छन्: निःशुल्क सेवा, तत्काल समृद्धि र सुनिश्चित विकास। राजनैतिक दलहरुका यी दाबी देशको क्षमता बढेर होइन, बरु अतिशयोक्तिपूर्ण गफका लागि कुनै मूल्य चुकाउनु नपर्ने राजनीतिक संस्कृतिबाट जन्मिएका हुन्।

घोषणापत्रहरू पढिन्छन् र बिर्सिन्छन्। बाचा र उपलब्धिको तुलना गर्ने प्रणाली छैन। न अंकपत्र छ, न समीक्षा। असफलताको हिसाब राखिदैन। यो यथार्थलाई बुझ्दा दलहरूको व्यवहार तर्कसंगत देखिन्छ। जब बाचा र उपलब्धिको तुलना गर्ने कुनै प्रणाली हुँदैन र बाचा तोड्दा कुनै मूल्य चुकाउनु नपर्ने हो भने प्रतिस्पर्धा गर्ने एउटै उपाय बढी बाचा गर्नु हो। फलतः चुनाव कल्पनाको लिलामी बन्छ। अस्तिको अतिशयोक्ति हिजोको मापदण्ड बन्छ र आजको घोषणापत्रले चन्द्र-तारा नै हत्केलामा थम्याइदिने बाचा गर्नुपर्छ। विचारधारा र बादहरू असफलता लुकाउने आवरण बन्छन्। दलहरू उपलब्धि देखाएर होइन, सिद्धान्त वा दृष्टिकोणको आह्वान गर्दै र दोष प्रतिद्वन्द्वी, इतिहास वा विदेशी शक्तिमाथि थोपर्दै आफूलाई जोगाउँछन्।

यस्ता झुटा आश्वासनले विकास मात्र रोक्दैनन्, बरु नागरिकलाई धोका र निराशा भोग्न अभ्यस्त बनाउँछन्। यस्तो प्रणालीमा यथार्थ दण्डित र अतिशयोक्ति पुरस्कृत हुन्छ। प्रणाली उल्टिन्छ: गर्न सकिने कुरा बाचा गरेर भन्दा गर्न नसकिने कुरा बाचा गरेर जित्न सजिलो हुन्छ। यस्तो प्रतिकूल अवस्थामा पनि साहसी राजनीतिक दलहरूले यथार्थ बाचा गर्नुपर्छ र विगत र हालैका आकाशे आश्वासनहरूको

खोक्रोपन उजागर गर्नुपर्छ। किनकि जबसम्म यो राजनीतिक कुसंस्कार अन्त्य हुँदैन, तबसम्म कुनै पनि आर्थिक वा सामाजिक सुधारले जरा गाड्न सक्दैन।

## २ नेपालको वर्तमान अवस्था: यथार्थ चित्र

नेपालको वर्तमान अवस्थालाई बुझ्न सबैभन्दा आधारभूत राष्ट्रिय सूचक – आर्थिक वृद्धिबाट सुरु गरौं, जुन समृद्धिको प्रमुख मापन हो। नेपालको अर्थतन्त्रले हाल वार्षिक करिब ४९ अर्ब अमेरिकी डलर बराबरको कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product, GDP) सिर्जना गर्छ। नेपाल दुई आर्थिक महाशक्ति भारत र चीनको बीचमा अवस्थित छ, जसले संयुक्त रूपमा विश्व उत्पादनको २० प्रतिशतभन्दा बढी हिस्सा ओगट्छन्। भारतको अर्थतन्त्रको करिब एक प्रतिशत र चीनको करिब ०.२५ प्रतिशत बराबर आकार भएको नेपाल हरेक वर्ष आर्थिक रूपमा झन् पछाडि पर्दै गएको छ। सन् १९८० ताका प्रतिव्यक्ति औसत आयका हिसाबले नेपाल, भारत र चीन लगभग समान स्तरमा थिए। तर आज करिब १,४५० डलरमा सीमित यो आय भारतको आधा र चीनको दश भागको एक भाग मात्र छ। यो अवधिमा नेपाल उल्लेखनीय रूपमा पछाडि परेको छ। त्यसैले यो तुलना समानता नाप्नका लागि होइन, छिमेकीहरूभन्दा कति पछि परिएको छ भन्ने बुझ्नका लागि मात्र हो।

आर्थिक वृद्धि कुनै अमूर्त अवधारणा होइन; यो समृद्धिको साँचो हो। यसले समाजको जीवनस्तर उकास्नुका साथै शिक्षा, स्वास्थ्य सेवा र पूर्वाधारको गुणस्तर विस्तार गर्दछ। आर्थिक वृद्धिको दर मुख्यतया पाँच आधारभूत स्तम्भहरूमा निर्भर रहन्छः रोजगारी, शिक्षा, लगानी, पूर्वाधार (विशेष गरी ऊर्जा), र श्रम उत्पादकत्व (एउटा श्रमिकले गर्ने उत्पादनको मात्रा) । तसर्थ नेपालको वृद्धिदर किन कमजोर भयो भन्ने बुझ्न यी स्तम्भका कमजोरीहरूको परीक्षण आवश्यक छ।

**रोजगारीको अभाव:** नेपालमा रोजगारीको अभाव गम्भीर छ। गत वर्ष मात्र करिब ८ लाख ४० हजार नेपाली वैदेशिक रोजगारीका लागि बाहिरिए– अर्थात् दैनिक औसत २,३०० युवा (जसमा भारत जानेहरूको सङ्ख्या समावेश छैन)। काम गर्न सक्ने उमेर समूहका केवल ६ प्रतिशत नागरिक मात्र स्वदेशभित्र औपचारिक रोजगारीमा छन्। झन्डै २ करोड १० लाख कामकाजी उमेरका नागरिकमध्ये ८५ लाख मात्र घरेलु श्रम बजारमा सक्रिय छन्। अर्को ५० लाखभन्दा बढी युवा विदेशमा कार्यरत रहँदा पनि स्वदेशमा युवा बेरोजगारी दर करिब २३ प्रतिशत छ।
**शिक्षा क्षेत्रका चुनौती:** शिक्षामा पनि उस्तै कमजोरीहरू देखिन्छन्। सिकाइ उपलब्धि निकै कमजोर छः ९-१४ वर्ष उमेर समूहका आधाभन्दा बढी बालबालिकामा कक्षा २-३ मा हुनुपर्ने आधारभूत क्षमताको समेत अभाव छ। शैक्षिक प्रणालीको प्रगति कमजोर छ– कक्षा १ मा भर्ना हुने १०० जनामध्ये केवल ७ जनाले मात्र विना अवरोध कक्षा १२ उत्तीर्ण गर्छन्। बाँकी विद्यार्थी कि त

कक्षा दोहोर्‍याउँछन् वा विद्यालय छाड्छन्। करिब तीन-चौथाइ विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययन गर्छन्, जहाँको नतिजा निजी विद्यालयको तुलनामा धेरै कमजोर छ। यसले उनीहरूको सीप विकास र सामाजिक गतिशीलता सीमित गर्छ, जसको असर आर्थिक वृद्धिमा पर्छ।

**लगानीको कमी:** लगानीले संरचनात्मक विरोधाभास देखाउँछ। घरेलु बचत अत्यन्त न्यून, GDP को ६ प्रतिशत मात्र छ। विप्रेषण समावेश गर्दा राष्ट्रिय बचत करिब ३६ प्रतिशत पुग्छ। तर विडम्बना, कुल लगानी भने करिब २४ प्रतिशतमा मात्र सीमित छ। यसरी बचत र लगानीबीचको ठूलो हिस्सा (करिब एक-तिहाइ) उत्पादनमूलक क्षेत्रमा रूपान्तरण हुन सकेको छैन। यो रकम या त बैंक निक्षेपमा थन्किएको छ, वा घरजग्गा र सुन जस्ता अनुत्पादक क्षेत्रमा फसेको छ, अथवा पूँजी पलायनका रूपमा बाहिरिएको छ। भएको लगानी पनि उद्यम विस्तार वा औद्योगिक उत्पादनमा जानुको सट्टा घरजग्गाको सट्टेबाजीमा केन्द्रित छ। यस्तो प्रवृत्तिले वास्तविक धनसम्पति सिर्जना गर्नुको सट्टा धनसम्पति पुनर्वितरण मात्र गर्छ।

**ऊर्जाको संरचनात्मक खाडल:** ऊर्जाको उपभोग र उत्पादन दुबैले नेपालको अर्को संरचनात्मक कमजोरी उजागर गर्छन्। नेपाल विश्वकै सबैभन्दा न्यून ऊर्जा प्रयोग गर्ने देशहरूमध्ये एक हो। यहाँको प्रतिव्यक्ति ऊर्जा उपभोग वार्षिक करिब ५२० किलोग्राम तेल बराबर छ, जुन विश्वव्यापी औसतको पाँच भागको एक भाग मात्र हो। अझ चिन्ताजनक पक्ष के छ भने कुल ऊर्जा प्रयोगको केवल दस प्रतिशत मात्र बिजुलीबाट पूर्ति हुन्छ। दुई-तिहाइ ऊर्जा अझै दाउरा जस्ता परम्परागत बायोमासमा निर्भर छ। प्रति व्यक्ति विद्युत उत्पादन भारतको एक तिहाइ र चीनको झन्डै बीसौं भाग मात्र छ। जलविद्युतको प्रचुर सम्भावना भएको देश भनिए तापनि यो तथ्याङ्क हामीले प्राकृतिक स्रोतलाई उत्पादन क्षमतामा रूपान्तरण गर्न नसकेको प्रमाण हो। आपूर्ति सीमित छ, र घरेलु प्रयोग अझ सीमित भएकाले कृषि, ढुवानी र उद्योगमा ऊर्जा परिवर्तनकारी बन्न सकेको छैन।

**न्यून श्रम उत्पादकत्व:** कुनै पनि राष्ट्रको विकासको गति त्यहाँका श्रमिकहरूको उत्पादकत्वमा निर्भर गर्दछ। विश्वका न्यून उत्पादकत्व भएका अर्थतन्त्रहरूमध्ये नेपाल एक हो। विश्व बैंकका अनुसार, आज नेपालमा जन्मने बालक वयस्क हुँदासम्म उसको सम्भावित उत्पादकत्वको केवल १८ प्रतिशत मात्र हासिल हुने अपेक्षा गरिएको छ। न्यून उत्पादकत्वले आर्थिक वृद्धिलाई सुस्त मात्र बनाउँदैन, बरु उद्योगहरूलाई समेत प्रतिस्पर्धाहीन तुल्याउँछ। यही कारण नेपालको निर्यात कुल गार्हस्थ्य उत्पादन को करिब ८ प्रतिशतमा खुम्चिएको छ भने आयात ३३ प्रतिशतभन्दा बढी पुगेको छ। अन्तर्राष्ट्रिय मापदण्ड अनुसार नेपाल असामान्य रूपमा ठुलो व्यापार घाटामा छ। फलस्वरूप, आर्थिक वृद्धिको लाभ बाहिरिँदै गएको छ; रोजगारीका अवसरहरू बाहिर सिर्जना भइरहेका छन् भने सीप पनि विदेशमै सञ्चित हुँदैछ। कम उत्पादकत्वका प्रमुख कारणहरूमा कमजोर शिक्षा, आधुनिक मेसिनरी र उपकरणको अभाव, कमजोर पूर्वाधार, भ्रष्टाचार र ढिलासुस्तीले बढाएको नियामक लागत, नवप्रवर्तनका लागि प्रतिकूल वातावरण, र उत्पादनको सानो आकार नै हुन्।

## ३ नेपाल किन अड्कियो?

माथि उल्लेखित समस्याहरू संयोग वा आकस्मिक दुर्घटना होइनन्; ती दशकौँदेखिका संरचनागत कमजोरीका प्रतिबिम्ब हुन्। नेपाल केही नीतिगत भूलका कारण मात्र पछि परेको होइन; उपलब्ध सम्भावनालाई प्रगतिमा रूपान्तरण गर्ने प्रणाली निर्माण गर्न नसक्दा विकासको बाटो अवरुद्ध भएको हो। यसले समाजमा आर्थिक असमानताको खाडल अझ फराकिलो बनाएको छ। विकास-उन्मुख प्रणाली निर्माण नहुनुमा चार प्रमुख अवरोधहरू जिम्मेवार छन्:

**राजनीतिक दलहरूको न्यून आकाङ्क्षा:** समृद्ध राष्ट्र निर्माण गर्नुपर्छ  भन्ने आकाङ्क्षा भए त्यही अनुसारको उच्च मानसिकता हुन्थ्यो र त्यहाँ पुग्ने नीतिहरू तय गर्ने  हुटहुटी हुन्थ्यो। नेतृत्वले विकास र प्रतिस्पर्धा भन्दा शक्ति सन्तुलन र वितरणमुखी दायराभित्र शासन गरेको छ। निर्माण, प्रतिस्पर्धा र निर्याततर्फको प्रेरणा नेपालको नीतिगत संस्कृतिमा विरलै देखिन्छ। कुनै पनि राष्ट्र आफ्ना नेताहरूको महत्वाकांक्षाभन्दा माथि उठ्न सक्दैन। जब नेतृत्वको दृष्टि सीमित हुन्छ, नीतिहरूले सम्पन्नता सिर्जना गर्नुको सट्टा अभावको व्यवस्थापन मात्र गर्छन्। नेपालमा त्यही भइरहेको छ।

**गलत प्राथमिकता:** यो विकासको अर्को अवरोध हो। अगाडि बढेका अर्थतन्त्रहरूले आर्थिक वृद्धिलाई केन्द्रमा राखेर बजेट, संस्था, शिक्षा र व्यापार नीतिहरू निर्धारण गर्छन्। नेपालमा भने आर्थिक वृद्धि प्रायः बाध्यकारी लक्ष्यभन्दा नाराका रूपमा प्रयोग हुन्छ। राजनीतिक दलहरूले "दोहोरो अंकको वृद्धि" को भाषा दोहोर्‍याउँछन्, तर वृद्धिदर बढाउने एउटै मात्र उपाय माथि बर्णन गरिएका आधारभुत स्तम्भहरुको सुदृढता र विस्तारमा ध्यान दिदैनन्। जसले गर्दा देशको आर्थिक विकास नारामा सीमित छ। दुर्भाग्यवश, नेपालको भविष्यको मूल प्रश्न – दिगो उच्च आर्थिक वृद्धि कसरी हासिल गर्ने – राजनीतिक दलहरूमा मात्र होइन, विश्वविद्यालय, अनुसन्धान संस्था र थिंकट्याङ्कहरूमा समेत बहसको विषय बन्न सकेको छैन। यो विषय कसैको प्राथमिकतामा पर्दैन।

**संस्थागत अनिश्चितता:** संस्थागत अनिश्चितता र कानूनभन्दा माथि रहने शक्तिको चलखेलका कारण नीतिहरू समान रूपमा लागू हुँदैनन्। राजनैतिक हस्तक्षेपले गर्दा नियम असमान रूपमा लागू हुन्छन्, सम्झौताहरू अनिश्चित हुन्छन्, समयसीमा भरपर्दो हुँदैनन्, र कार्यान्वयन असंगत हुन्छ। यसले व्यक्ति र व्यवसायमा त्रास पैदा गर्छ; लगानी निरुत्साहित हुन्छ र नवप्रवर्तन सुस्त बन्छ। यही विसंगतिका कारण आजको युवा पुस्ता (विशेषतः जेन जी) मा चरम असन्तुष्टि छ। उनीहरू पहुँचको आधारमा होइन, बरु नियममा आधारित शासन र वास्तविक अवसरको खोजीमा छन्, जुन देश विकासको लागि अत्यावश्यक छ।

**कार्यसम्पादनभन्दा राजनीति हाबी:** सफल देशहरूमा वैधता आर्थिक वृद्धि र उन्नत जीवनस्तरबाट प्राप्त हुन्छ। तर नेपालमा वैधता प्रायः राजनीतिक नियन्त्रण, गठबन्धन र शक्ति टिकाउने

खेलबाट खोजिन्छ। जिम्मेवारी बाँडफाँटमा योग्यता र कार्यसम्पादनको भूमिका न्यून छ। नियुक्तिहरू नियमित रूपमा आफ्ना नजिकका पार्टी कार्यकर्ता र आफन्तलाई दिइने प्रचलनले विकासका लागि गम्भीर अवरोध खडा गरेको छ। यस्तो अवस्था संस्थागत अधोगतिको परिणाम हो, जहाँ अर्थतन्त्र कमजोर भए पनि शासकहरूले राजनीतिक मूल्य चुकाउनु पर्दैन र हेलचेक्र्याइँको लागत न्यून रहन्छ।

यी संरचनागत अवरोधहरूले यस्तो दुष्चक्र बनाएका छन्, जहाँ अर्थतन्त्र निरन्तर कमजोर हुँदै गइरहेको छ। निर्माणभन्दा चालबाजीलाई पुरस्कृत गर्ने संस्थागत ढाँचाले राष्ट्रलाई समुन्नतितर्फ अघि बढ्नबाट रोकेको छ। अब आवश्यकता 'के गर्ने' भन्ने नाराको होइन, 'कसरी गर्ने' भन्ने स्पष्ट मार्गचित्र र दृढ राजनीतिक इच्छाशक्तिको हो।

## ४ आवश्यक मार्ग: रूपान्तरणको खाका

यदि प्रणाली असफल हुन सक्छ भने, त्यसलाई निर्माण पनि गर्न सकिन्छ। हामीले माथि विकासका समस्याहरु औल्यायौं; अब तिनको समाधान तथा राष्ट्र निर्माणका लागि रूपान्तरणको ठोस मार्ग प्रस्तुत गर्छौं। नेपालको वर्तमान गतिहीनता नियति होइन; यो समयसँगै दोहोरिएका गलत निर्णयहरूको परिणाम हो। यसलाई बदल्न सम्भव छ। मूल प्रश्न यो हो: देश घिसिपिटी चलिरहन चाहन्छ कि नवनिर्माण गर्ने साहस जुटाउन तयार छ? देशको अवस्था संस्थागत संरचनाले मात्र होइन, आकांक्षाको स्तरले पनि निर्धारण गर्छ। त्यसैले प्रगतिको मार्गमा हिँड्न प्रणालीगत सुधारसँगै राष्ट्रिय महत्वाकाङ्क्षालाई पनि उकास्नु आवश्यक छ। यो मार्गले चमत्कार वा वैचारिक पुनराविष्कार खोज्दैन; यसले प्रयासलाई क्षमतामा, क्षमतालाई उद्यममा र उद्यमलाई रोजगारीमा रूपान्तरण गर्ने ठोस संयन्त्र निर्माण गर्न जोड दिन्छ। यस रूपान्तरणका लागि ६ मुख्य क्षेत्रहरूमा काम गर्नुपर्छ:

**श्रम र रोजगारी राष्ट्रको जीवन्त सम्पत्ति:** कामदारहरूलाई केवल वैदेशिक पलायनमा पठाउने 'सुरक्षा भल्भ' का रूपमा होइन, राष्ट्रको जीवन्त सम्पत्तिका रूपमा हेरिनुपर्छ। अब देशका सम्पूर्ण नीतिहरूको केन्द्र कसरी स्वदेशमै रोजगारी सिर्जना गर्ने भन्ने हुनुपर्छ। वर्षौंदेखि हाम्रो श्रम नीति विदेश जाने बाटो सहज बनाउनमा केन्द्रित रह्यो, तर अब स्थानीय र राष्ट्रिय भविष्य निर्माणका लागि घरेलु रोजगारी सिर्जना अपरिहार्य छ। रोजगारीले सीप विकास गर्छ, समुदायलाई जोड्छ र स्थिरता प्रदान गर्छ। यसले व्यक्तिगत बचतलाई उत्पादनशील क्षेत्रमा मोड्छ।

**शिक्षा क्षमता निर्माणको मेरुदण्ड:** शिक्षालाई सामाजिक कर्तव्य मात्र होइन, अर्थतन्त्रको मेरुदण्डका रूपमा विकास गरिनुपर्छ। प्रभावकारी सार्वजनिक माध्यमिक शिक्षामार्फत सीप विस्तार गर्नु राष्ट्रिय प्राथमिकता हुनुपर्छ। विद्यालयले प्रयोगयोग्य सीप प्रदान गर्दा उद्यम फैलिन्छ, उत्पादकता बढ्छ र अवसरहरू सीमित घेराभन्दा बाहिर पुग्छन्। आर्थिक रूपमा कमजोर

परिवारका लागि गुणस्तरीय माध्यमिक शिक्षा बिना श्रम बजार र अर्थतन्त्रको क्षय रोक्न असम्भव छ। शिक्षाले नै प्रविधिमा पछि परेको नेपाललाई डिजिटल र कृत्रिम बुद्धिमत्ता (AI) समर्थित उत्पादन पद्धतिमा फड्को मार्ने ढोका खोलिदिन्छ।

**पुँजीको परिचालन उत्पादन र निर्याततर्फ:** पुँजीलाई जमिन र सुनमा थन्क्याउने होइन; रोजगारी सिर्जना, उत्पादन वृद्धि र निर्याततर्फ मोड्ने गरी नीतिहरू पुनर्संरचित हुनुपर्छ। वित्तीय प्रणाली र नीतिगत प्रोत्साहनहरू यस्तो हुनुपर्छ जसले उत्पादनमा जोखिम लिनेहरूलाई पुरस्कृत गरोस्। लगानीलाई गहिरो र अर्थपूर्ण बनाउन राज्यका सबै स्रोत र साधनको अधिकतम परिचालन हुनुपर्छ।

**ऊर्जा नीति उत्पादन र खपतमा केन्द्रित:** ऊर्जा नीतिले अब क्षमता विस्तार गर्ने मात्र नभई उत्पादित ऊर्जालाई उत्पादनमूलक क्षेत्रमा खपत गर्नेतर्फ मोड लिनुपर्छ। कृषि, ढुवानी र उद्योगमा भरपर्दो विद्युत आपूर्तिले उत्पादन लागत घटाउँछ, उत्पादकता बढाउँछ र नयाँ रोजगारी सिर्जना गर्छ। हाम्रो प्राथमिकता ऊर्जा निर्यातमा नभई उत्पादनका सबै क्षेत्र र घरायसी उपभोगमा विद्यतको माग बढाउने वातावरण सिर्जना गर्नमा हुनुपर्छ। अन्य पूर्वाधार लगानी पनि देश भित्रको आर्थिक गतिशीलता र उत्पादन प्रक्रियालाई सहज बनाउने दिशामा केन्द्रित हुनुपर्छ।

**उद्यमशीलता वृद्धिको केन्द्रीय साझेदार:** उद्यमलाई आर्थिक वृद्धिको मुख्य इन्जिन र केन्द्रीय साझेदारका रूपमा स्वीकार गरिनुपर्छ। नेपालले दशकौंदेखि बजार अर्थतन्त्रलाई सार्वजनिक रूपमा स्वीकार गरे पनि व्यवहारमा भने यसलाई सीमित राख्दै आएको छ। उद्यम उत्पादनको संगठन, रोजगारी सिर्जना र नवप्रवर्तनको परीक्षण हुने क्षेत्र हो। निजी क्षेत्र वा उद्यमलाई ठूलो भूमिका दिनुको अर्थ राज्य कमजोर हुनु होइन; बरु राज्यको ध्यान र भूमिकालाई थप स्पष्ट बनाउनु हो। राज्यले संयमित नियमनमार्फत उद्यमका लागि सुरक्षित, निष्पक्ष र तर्कसंगत वातावरण तयार गरिदिनुपर्छ।

**नियमको शासन:** नेपालको विकासका बाधाहरू हटाउने संभवत सबैभन्दा महत्वपूर्ण मार्ग नियमको शासन नै हो। स्पष्ट र विश्वसनीय नियमहरूले लगानीकर्तामा भरोसा जगाउँछन्। जब प्रक्रियाहरू पारदर्शी हुन्छन्, निर्णयहरू समयमै हुन्छन् र नियमको कार्यान्वयन सबैमा समान रूपमा लागू हुन्छ, तब मात्र अवरोधहरू हट्छन् र उत्पादकता बढ्छ। भ्रष्टाचार, ढिलासुस्ती र स्वविवेकीय कार्यान्वयनले व्यक्ति तथा कम्पनीहरूलाई सिर्जनशील कार्यबाट विमुख गराई 'बच्ने' खेलतर्फ मात्र धकेल्छ। यस्तो प्रवृत्तिको अन्त्यको माग देशभरि उठिरहेको छ जुन प्रशंसनीय छ। नियमको शासन स्थापित भए देशको आर्थिक क्षमतामा नयाँ ऊर्जा भरिन्छ।

माथिका प्रयासहरूलाई वास्तविक प्रगतिमा बदल्न इमान्दार शासन र राजनीतिक अनुशासन अनिवार्य छ। कुनै पनि राजनीतिक दलले अनुशासनका साथ यी ६ वटा क्षेत्रमा ध्यान दिएमा मात्र नेपालले समृद्धिको बलियो आधार खडा गर्न सक्छ। तव मात्र देशले साधारण नागरिकको जीवनसंग प्रत्यक्ष जोडिने गुणस्तरीय सार्वजनिक शिक्षा, भरपर्दो स्वास्थ्य सेवा र अर्थपूर्ण रोजगारी सुदृढ बनाउन सक्छ।

## ५ संयमताबाट विश्वसनीयता

चन्द्रमा नै हातमा ल्याइदिने जस्ता असम्भव आश्वासन र त्यसपछि आउने शून्यता नेपालको प्रगतिका अवरोध बनेका छन्। चुनाव नजिकिँदै जाँदा घोषणापत्रहरू बढ्दै जानेछन्। तिनको मूल्याङ्कन माथि छलफल भएका कमजोरीहरू सम्बोधन गर्छन् कि गर्दैनन् र संस्थागत अनुशासनमा आफूलाई बाँध्न तयार छन् कि छैनन् भन्ने आधारमा गर्नुपर्छ। नेपाल निर्माण गर्ने दाबी गर्ने दलहरूले ठूला प्रतिज्ञा होइन, आफ्नै शक्तिलाई सीमित गर्ने र प्रणालीलाई बलियो बनाउने प्रतिबद्धता गर्नैपर्छ। उनीहरूले यी तलका पाँच संयमहरूमा आफूलाई बाँध्ने बाचा सहित जनताको विश्वसनीयता जित्न सक्नुपर्छ।

- **कानुनको शासन**: अदालत, नियामक निकाय र प्रहरीमा हस्तक्षेप अन्त्य गरिनेछ; मन्त्रीस्तरीय हस्तक्षेप गैरकानुनी मानिनेछ र पुनरावलोकनयोग्य हुनेछ।
- **शिक्षा**: शिक्षामा राजनैतिकरुपमा परिचालित संगठनहरु रहने छैनन्; निष्ठा होइन, कार्यक्षमताले करियर निर्धारण गर्नेछ; सार्वजनिक शिक्षा र स्वास्थ्य प्रणाली राजनीतिक कब्जाबाट जोगाइनेछ।
- **आर्थिक सुधार**: कार्टेल र सट्टेबाजीको संरक्षण गरिने छैन; उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिइनेछ।
- **पूर्वाधार:** बिजुली र अन्य भौतिक पूर्वाधारलाई राजनीतिक लाभको माध्यम बनाइने छैन। महसुल निर्धारण र ग्रिड पहुँच स्पष्ट नियममा आधारित बनाइनेछ।
- **पारदर्शिता**: मापनयोग्य तथ्याङ्कबिना शासन गरिने छैन; बजेट र नतिजाहरू सार्वजनिक गरिनेछ; स्वतन्त्र मूल्याङ्कनका आधारमा संसदीय समीक्षा सुनिश्चित गरिनेछ।

## ६ नागरिकका माग

लोकतान्त्रिक उत्तरदायित्वका लागि मतदाताले नाराभन्दा संस्थागत अनुशासनलाई प्राथमिकता दिनुपर्छ। मतदाताले दलहरूलाई आश्वासनका आधारमा होइन, विश्वसनीय नियममा बाँधिन तयार छन् कि छैनन् भन्ने आधारमा मूल्याङ्कन गर्नुपर्छ। समृद्धि विचारधाराको घोषणाबाट होइन, संस्थागत स्थिरताबाट जन्मिने हुँदा मतदाताले त्यससंग सम्बन्धित सात माग स्पष्ट रूपमा राख्नुपर्छः

- **शक्तिभन्दा पहिले नियम:** अधिकार व्यक्तिगत प्रभावले होइन, कानुनको अधीनमा चल्नुपर्छ।
- **नाराभन्दा पहिले रोजगारी:** देशको सफलताको प्रमुख मापन देशभित्र सिर्जित रोजगारी हुनुपर्छ।
- **उत्पादन गर्ने ऊर्जा:** घोषणा गरिएका मेगावाटभन्दा प्रयोगमा आएको विद्युत् बढी महत्त्वपूर्ण हुन्छ।
- **काम गर्ने विद्यालय र अस्पताल:** विद्यालय र अस्पतालको कार्यसम्पादन नै सरकारको सफलताको मापन हुनुपर्छ।
- **निर्माणतर्फ उन्मुख पुँजी:** पुँजी सट्टेबाजीमा होइन, उद्यम निर्माणतर्फ प्रवाहित हुनुपर्छ।

- **विकासका लागि उद्यम:** नियमन पालना गर्ने उद्यमलाई बेरोकटोक काम गर्न दिनुपर्छ।
- **जवाफदेही शासन:** असफलताको व्याख्या होइन, जवाफदेहिता वहन हुनुपर्छ।

यी अपेक्षाहरू गम्भीर लोकतन्त्रको न्यूनतम मापदण्ड हुन्, जहाँ दलहरूले कल्पनाभन्दा यथार्थ रोज्छन्, अनुशासन अपनाउँछन्, संस्थागत संयम स्वीकार्छन्, र मापनयोग्य परिणाम दिन्छन्।

## ७ निष्कर्ष

नेपालको इतिहास स्रोतको कमीले होइन, उपलब्ध स्रोत रूपान्तरण गर्न नसक्नाले पछि परेको हो। देशमा प्रतिभा, स्रोत र बचत भए पनि, यद्यपि बढ्दो रूपमा विदेशिँदै गइरहेका छन्, त्यसलाई समृद्धिमा रूपान्तरण गर्ने प्रणालीको अभाव छ। भाषणले समृद्धि ल्याउँदैन; यसका लागि अनुशासित संस्थागत प्रतिबद्धता आवश्यक छ। जब प्रणाली बलियो हुन्छ, शिक्षाले सीप उत्पादन गर्छ, ऊर्जाले उत्पादनलाई शक्ति दिन्छ, बचतले उद्यमलाई सहयोग गर्छ, र स्वदेशमै रोजगारी सिर्जना हुन्छ। त्यसपछि समृद्धि औसतभन्दा पर अन्तिम गाउँको अन्तिम घरपरिवारसम्म पुग्छ र सबै नागरिकको मर्यादित जीवन सम्भव हुन्छ।

आगामी राजनीतिक चक्रहरूले नेपालको ठूलो परीक्षा लिनेछन्: हामी पुरानै ढर्राको घिसिपिटी आर्थिक अवस्थामा रहन्छौं कि त्यो भन्दा माथि उठेर वास्तविक समृद्धितर्फ लाग्न सक्छौँ? हामी चन्द्र-आश्वासनमै चित्त बुझाउँछौँ कि भरपर्दो रूपान्तरण प्रणाली निर्माण गर्छौँ? यी छनोट कुनै राजनीतिक विचारधाराको होइन, बरु विकासको सवाल हो। हाम्रो बाटो ठूला नारा वा वैचारिक बहसमा अलमलिनु हुँदैन; बलियो र दिगो पद्धति बसाल्नुपर्छ, जसले देश निर्माण र आउँदो पुस्ताका लागि अवसर सिर्जना गरोस्।

अब आवश्यकता आकाशे आशा देखाउने होइन, संस्थागत अनुशासनमार्फत देश निर्माण गर्ने हो